# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८० कार्तिक देखि पौससम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

**बागमती प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**हेटौंडा २०८० कार्तिक**

# विषयसूची

१.मन्त्रालयको स्वरुप र प्रकृति
२. मन्त्रालयको काम कर्तव्य  र अधिकार
३. मन्त्रालयमा रहने कर्मचारी सङ्ख्य र कार्य विवरण
४. महाशाखागत कार्यविवरण
५. मन्त्रालयबाट प्रदान गरिने सेवा
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
८. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी
९.निर्णय उपर उजुरी सुन्ने अधिकारी
१०.सम्पादन गरेको कामको विवरण
११. सूचना अधिकारी र प्रमखको नाम र पद
१२. ऐन नियम विनियम वा निर्देशिकाको सूची
१३. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सामाजिक विकास मन्त्रालय,हेटौंडा

**१. मन्त्रालयको स्वरुप र प्रकृति**

नेपालको संविधानले तीनतहको शासकीय स्वरूप व्यवस्थागरे बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहेका सात प्रदेश मध्ये भौगोलिकरूपले झण्डै बिच भागमा रहेको बागमती प्रदेश हो। यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौं गरी १३ वटा जिल्ला रहेका छन्। यस प्रदेशमा ३ वटा महानगरपलिका, १ उपमहानगरपालिका, ४१ वटा नगरपालिका र ७४ वटा गाउँपालिका गरी कुल ११९ वटा स्थानीय तह रहेका छन्।

सामाजिक विकास मन्त्रालय प्रदेश तहमा सामाजिक क्षेत्रका कार्यजिम्मेवारी सम्पादन गर्ने जिम्मेवारी सहित स्थापना भएको हो। यस मन्त्रालय अन्तर्गत शिक्षा(विद्यालय शिक्षा,प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम र उच्च शिक्षा),विज्ञान प्रविधियुवा, खेलकुद, गरिबी निवारण, महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा र सिपमूलक तालिम जस्ता विषय क्षेत्रको कार्य जिम्मेवारी तोकिएको छ। खासगरी नागरिकलाई सर्वसुलभ गुणस्तरीय शिक्षा उपलब्ध गराई जीवनस्तरमा सुधारल्याउनु मन्त्रालयको मुख्य भूमिका रहेको छ।

**२. मन्त्रालयको कार्यविवरण**

क) बागमती प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ (संशोधन सहित) यस मन्त्रालयको कार्य जिम्मेवारी तालिका नं. १मा प्रस्तुत गरिएको छ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

**तालिका नं· १ः मन्त्रालयको कार्य जिम्मेवारी**

| क्र.सं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण,अनुमति तथा नियमन |
| ३ | प्रदेशस्तरमा पुस्तकालय,संग्रहालय,अभिलेखालय सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिकशिक्षा,प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति,कानून तथामापदण्ड निर्धारण,कार्यान्वयन र नियमन तथा पाठ्यक्रम,पाठ्यपुस्तक तथा पाठ्यसामाग्री निर्माण,उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त,योग्यता,क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन तथा विद्यालय नर्स छनोट, पदस्थापना र व्यवस्थापन |
| ७ | माध्यमिकतहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | प्रदेशस्तरमा विज्ञान प्रविधिसम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १० | प्रदेशस्तरमाविज्ञान प्रविधिको विकास तथा बिस्तार,सो सम्बन्धी तथ्याङ्क संकलन,प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग |
| ११ | विज्ञान प्रविधि कोषको स्थापना र सञ्चालन, युवा वैज्ञानिक प्रोत्साहन, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार,उन्नयन र विकास |
| १२ | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना,सञ्चालन र व्यवस्थापन |
| १३ | महिला हकसम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन |
| १४ | लैङ्गिकहिंसा,मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि,सम्झौता र प्रतिबद्धताको कार्यान्वयन,निरोधात्मक र संरक्षणात्मक उपाय र पुनःस्थापना |

| क्र.सं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १५ | महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन,अनुसन्धान |
| १६ | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड तथा योजनातर्जुमा,कार्यान्वयन र नियमन,अध्ययन,अनुसन्धान,बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह,बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनःस्थापना |
| १७ | प्रदेशस्तरमा लोपोन्मुख,सीमान्तकृत,गरिब, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र अशक्त,बालबालिकाका र महिला हकहितसम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन तथा मूल्याङ्कन |
| १८ | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिकनीति,कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,कोष व्यवस्थापन,नियमन,राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क,समन्वय र सहकार्य |
| १९ | समाजकल्याण र सङ्घ संस्थासम्बन्धीकार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| २० | गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा कार्यान्वयन र नियमन तथा अध्ययन अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २१ | युवासम्बन्धी प्रादेशिक नीति,कानून तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन,युवा वैज्ञानिक प्रोत्साहन |
| २२ | खेलकुद सम्बन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड निर्धारण,कार्यान्वयन र नियमन |
| २३ | खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धन |
| २४ | खेलकुद प्रशासन र खेलकुदसम्बन्धी सङ्घसंस्थाको समन्वय र नियमन |
| २५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| २६ | युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधि |
| २७ | स्वरोजगार एवम् सिपमूलक तालिम सञ्चालन |

मन्त्रालयले उपरोक्त कार्य जिम्मेवारी भित्र रहेर कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। प्रादेशिक शिक्षा नीतिको मस्यौदा तयार भएको भएपनि विद्यालय शिक्षा सम्बन्धी कानुनहरु तर्जुमा गर्न नसकिएको देखिन्छ । प्रदेश तहमा शिक्षा सम्वन्धी कार्यक्रमहरुको कार्यान्वयनका लागि मन्त्रालयमा योजना तथा शिक्षा विकास महाशाखा र उच्च शिक्षा महाशखा, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र सार्वजनिक निर्माण कार्यान्वयन इकाई रहेको देखिन्छ ।यसै

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

गरी मन्त्रालयम सामाजिक विकास महाशाखा, युवा तथा खेलकुद महाशाखा रहेकाछन् । प्रदेश खेलकुद विकास परिषद्, प्रदेश युवा परिषद्, व्यावसायिक तथा सिप विकास केन्द्र हेटौंडा र गजुरी धादिङ स्थापना भइ सञ्चालनमा रहेकाछन् ।

## ३. मन्त्रालयमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण

### क. कर्मचारी सङ्ख्या

तालिका नं. १:मन्त्रालयको कर्मचारी सङ्ख्या

| क सं | पदनाम | सेवा (समूह) | तह | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| १ | सचिव | प्रशासन | अधिकृत ११ | १ |
| २ | अधिकृत | शिक्षा (शिक्षा प्रशासन) | अधिकृत ९/१० | ३ |
| ३ | अधिकृत | प्रशासन(सामान्य प्रशासन) | अधिकृत ९/१० | १ |
| ३ | प्रमुख महिला विकास अधिकृत | विविध (महिला विकास) | अधिकृत ९/१० | १ |
| ४ | अधिकृत | प्रशासन (सा प्र) | अधिकृत७/८ | ३ |
| ५ | अधिकृत | शिक्षा (शिक्षा प्रशासन) | अधिकृत७/८ | ६ |
| ६ | कानून अधिकृत | न्याय (कानून) | रा.प.तृ .(संघीय) | १ |
| ७ | लेखा अधिकृत | प्रशासन (लेखा) | अधिकृत ७/८ | १ |
| ८ | महिला विकास अधिकृत | विविध (महिला विकास) | अधिकृत ७/८ | २ |
| | सूचना प्रविधि अधिकृत | इन्जिनियरिङ कम्प्यूटर | अधिकृत ७/८ | १ |
| १० | सहायक/अधिकृत | प्रशासन (सा प्र) | स/५ .अ.६ | ४ |
| ११ | सहायह/ अधिकृत (शिक्षा) | शिक्षा (शि प्र) | स.५/अ.६ | ६ |
| १२ | महिला विकास निरीक्षकअधिकृत/ | विविध (महिला विकास) | स.५/अ.६ | २ |
| १३ | सहायक/ अधिकृत (कम्प्यूटर) | विविध (कम्प्युटर) | स.५/अ.६ | ३ |
| १४ | सहलेखापाल- | प्रशासन (लेखा) | स.४/५ | १ |
| १५ | ह स चा | | तहविहीन | ५ |
| १६ | कार्यालय सहयोगी | | तहविहीन | ६ |
| | | | जम्मा | ४७ |

## ख) महाशाखागत कार्यविवरण

### क) योजना, अनुगमन तथा शिक्षा विकास महाशाखाको कार्य विवरण

#### अ) योजना तथा शिक्षा विकास शाखा

- मन्त्रालयको कार्य जिम्मेवारी भित्र रहेका कार्य क्षेत्रहरूसँग सम्बन्धित योजना तथा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा
- शिक्षा सम्वन्धी राष्ट्रिय, अन्तराष्ट्रिय एवं राष्ट्रसंघीय संझौता, घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति, आयोजनाका साथै राष्ट्रिय अभियानका कार्यक्रमहरूलाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने व्यवस्था सम्वन्धी कार्य,
- प्रदेश स्तरमा संचालन हुने दिगो विकासका लक्ष (sustainable development goal) अन्तर्गतको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक पठन सीप परियोजना, शिक्षाका लागि खाध्यकार्यक्रम लगायतका सवै प्रकारका परियोजना कार्यान्वयन व्यवस्था तथा नियमित प्रतिवेदन,
- शिक्षा सम्वन्धी नीति तथा ऐन,नियम,कार्यविधि,निर्देशिका र मापदण्ड तर्जुमा
- वार्षिक कार्यक्रमको अभिमुखिकरण तथा समिक्षा सञ्चालन
- प्रगति विवरण र स्थति प्रतिवेदन विकास र सम्वन्धित निकायमा पठाउने कार्य
- प्रदेश स्तरमा शैक्षिक तथ्याङ्क व्यवस्थापन
- विद्यालय नर्स छनोट, पदस्थापना र व्यवस्थापन
- माध्यमिकतहको परीक्षा व्यवस्थापन
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन
- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विद्यालय शिक्षा सम्वन्धी कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

#### आ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम शाखा

- प्राविधिक तथा व्यावसायिक शिक्षाक्षेत्रसँग सम्वन्धित परियोजनाहरूको सञ्चालन
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्वन्धी कार्यहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित नीति तथा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा
- वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन सम्बन्धी कार्य
- स्वरोजगार र सीपमुलक तालिम सावन्धी कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**ख) उच्च शिक्षा तथा शैक्षिक परामर्श महाशाखाको कार्य विवरण**

**अ) उच्च शिक्षा शाखा**

- उच्च शिक्षा सम्वन्धी नीति तथा ऐन,नियम,कार्यविधि,निर्देशिका र मापदण्ड तर्जुमा
- प्रदेश विश्वविद्यालय सम्वन्धि कार्य
- प्रदेश उच्च शिक्षा सचिवालयको कार्य
- उच्च शिक्षा सम्वन्धी अनुगमन र प्रतिवेदन
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
- प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**आ) शैक्षिक परामर्श शाखा**

- शैक्षिक परामर्श, भाषा प्रशिक्षण र पूर्व तयारी सेवा सञ्चालन अनुमति सम्वन्धि कार्य
- शैक्षिक परामर्श, भाषा प्रशिक्षण र पूर्व तयारी सञ्चालन गर्ने संस्थाहरूको अनुगमन, नियमन र अभिलेख सम्वन्धी कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**ग) युवा, खेलकुद तथा विज्ञान प्रविधि महाशाखाको कार्य विवरण**

**अ) युवा तथा खेलकुद शाखा**

- युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- युवा वैज्ञानिक प्रोत्साहन
- प्रदेश युवा परिषद्लाई सहयोग तथा सहजीकरण

- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन
- खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धनमा सहयोग
- खेलकुद प्रशासन र खेलकुद सम्वन्धी सङ्घसंस्थाको अनुगमन तथा नीरीक्षण
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिताका लागि प्रदेश खेलकुद विकास परिषद्लाई सहयोग तथा सहजीकरण
- युवा तथा खेलकुद सम्वन्धी अन्य गतिविधि
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**आ) विज्ञान तथा प्रविधि शाखा**

- विज्ञान तथा प्रविधि सम्वन्धी नीति तथा ऐन,नियम,कार्यविधि,निर्देशिका र मापदण्ड तर्जुमा
- विज्ञान, प्रविधि,नवप्रर्वतन तथा विकास कोष सञ्चालन सम्वन्धी कार्य
- प्रदेशस्तरमा विज्ञान प्रविधिसम्वन्धी नीति कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन
- युवा,खेलकुद र विज्ञान तथा प्रविधि सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा प्रतिवेदन
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**घ) सामाजिक विकास महाशाखा**

**अ) बाल अधिकार तथा सामाजिक न्याय शाखा**

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बाल मैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनःस्थापना सम्बन्धी कार्य
- प्रदेश स्तरमा लोपोन्मुख, सिमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला हकहितसम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य

- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य सम्बन्धी कार्य
- समाजकल्याण र सङ्घ संस्था सम्बन्धीकार्यहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य
- जेष्ठ नागरिक,अपाङ्गता र सामाजिक सुरक्षाका क्षेत्रमा सञ्चालित कार्यहरूको अनुगमन तथा प्रतिवेदन सम्बन्धी कार्य ।
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**आ) लैङ्गिक सशक्तिकरण तथा मूल प्रवाहीकरण शाखा**

- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजन तर्जुमा, कार्यान्वयन र नियमन
- लैङ्गिकहिंसा, मानव बेच-बिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान सम्बन्धी कार्य
- महिला, र लैङ्गिक सशक्तिकरण तथा मूल प्रवाहीकरण क्षेत्रमा सञ्चालित कार्यहरूको अनुगमन तथा प्रतिवेदन सम्बन्धी कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**ङ) प्रशासन तथा गरिबी निवारण महाशाखा**

**अ) प्रशासन शाखा**

- प्रशासनिक तथा कार्य सम्पादन मूल्याङ्कन सम्वन्धी कार्य
- मन्त्रालय मातहतका जनशक्तिको सरुवा तथा पदस्थापन सम्बन्धी कार्य
- कर्मचारीको विदा सम्वन्धी कार्य
- खरिद सम्वन्धी कार्य
- जिन्सि सम्वन्धी कार्य

- कार्यालय अनुगमन र प्रतिवेदन
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले माग गरेका जवाफ दिने र निर्देशनहरूको कार्यन्वयन गर्ने
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**आ) आर्थिक प्रशासन शाखा**

- लेखा सम्बन्धी कार्य
- आर्थिक विवरण तयार गर्ने
- बेरुजु फछ्र्यौट सम्बन्धी कार्य
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**इ) कानुन तथा फैसाला कार्यान्वयन शाखा**

- सम्मानित सर्वोच्च तथा उच्च अदालतद्वारा प्रदेश तहका लागि भएका शिक्षा सम्वन्धी फैसला तथा कानुनी सिद्दान्त कार्यान्वयन,
- मन्त्रालय अन्तर्गत तर्जुमा हुने ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरूको तर्जुमा
- मन्त्रालयले तोकेका अन्य कार्य ।

**ई) गरिबी निवारण शाखा**

- गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा कार्यान्वयन र नियमन
- गरिबी निवारण सम्बन्धी अध्ययन अनुसन्धान, सर्वेक्षण,सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी कार्य ।
- नीति तथा ऐन,नियम,कार्यविधि,निर्देशिका र मापदण्ड तर्जुमा सहजीकरण
- मन्त्रालयले तोकेका अन्य कार्य ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, मकवानपुर

# नागरिक बडापत्र

| क्र स | सेवाको विवरण | सेवा प्रवाह हुने कोठा | आवश्यक पर्ने कागजातहरु | सेवा प्राप्त गर्दा लाग्ने | | जिम्मेवारी कर्मचारी शाखा/फाँट | गुनासो सुन्ने तथा जिम्मेवारी पदाधिकारी | क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समय | शुल्क | | | |
| १ | प्रदेशस्तरको विश्विद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा | १० | | निरन्तर | शुल्क नलाग्ने | उच्च शिक्षा शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण | ८ | | निरन्तर | शुल्क नलाग्ने | शैक्षिक परामर्श शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ३ | प्रदेशस्तरमा पुस्तकालय,संग्रहालय,अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड | ९ | | निरन्तर | शुल्क नलाग्ने | प्रशासन,योजना,अनुगमन र शिक्षा विकास महाशाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन | ६ | | निरन्तर | शुल्क नलाग्ने | प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ५ | पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण | ४ | | निरन्तर | शुल्क नलाग्ने | शिक्षा विकास महाशाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ६ | प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण | ४ | | निरन्तर | शुल्क नलाग्ने | उच्च शिक्षा शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| | शैक्षिक योजना तर्जुमा तथा कार्यान्वयन र शैक्षिक तथ्याङ्क व्यवस्थापन | | | निरन्तर | शुल्क नलाग्ने | शिक्षा विकास महाशाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ७ | प्रदेशस्तरमा विद्यालय तहका शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण सम्बन्धी कार्य | ४ | | निरन्तर | शुल्क नलाग्ने | शिक्षा विकास महाशाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान | ५ | | निरन्तर | शुल्क नलाग्ने | उच्च शिक्षा शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| ९ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन | ६ | | निरन्तर | शुल्क नलाग्ने | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १० | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन | ८ | | निरन्तर | शुल्क नलाग्ने | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापना महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन र अनुसन्धान | ८ | | निरन्तर | शुल्क नलाग्ने | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १२ | लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक परिक्षण | ८ | | निरन्तर | शुल्क नलाग्ने | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १३ | बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन | ८ | | निरन्तर | शुल्क नलाग्ने | बाल अधिकार तथा सामाजिक न्याय शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १४ | बाल बालिकाको हकहित संरक्षण सम्बन्धी अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्दार कोष व्वस्थापन र बाल सुधार तथा पुर्नस्थापना | ८ | | निरन्तर | शुल्क नलाग्ने | बाल अधिकार तथा सामाजिक न्याय शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १५ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त बालबालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मुल्याङ्कन | ६ | | निरन्तर | शुल्क नलाग्ने | बाल अधिकार तथा सामाजिक न्याय शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १६ | लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन | ६ | | निरन्तर | शुल्क नलाग्ने | बाल अधिकार तथा सामाजिक न्याय शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १७ | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन | ७ | | निरन्तर | शुल्क नलाग्ने | बाल अधिकार तथा सामाजिक न्याय शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १८ | राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य | ७ | | निरन्तर | शुल्क नलाग्ने | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | महाशाखा प्रमुखको हकमा सचिव र अन्यको हकमा महाशाखा प्रमुख | |
| १९ | युवा वैज्ञानिक प्रोत्साहन सम्बन्धी कार्य | १० | | निरन्तर | शुल्क नलाग्ने | उच्च शिक्षा महाशाखा | महाशाख प्रमुख | |
| २० | खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण र कार्यान्वयन | १० | | निरन्तर | शुल्क नलाग्ने | युवा तथा खेलकुद शाखा | महाशाख प्रमुख | |
| २१ | खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन | १० | | निरन्तर | शुल्क नलाग्ने | युवा तथा खेलकुदशाखा | महाशाख प्रमुख | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | खेलकुद प्रशासन र संघ संस्थासँग समन्वय | १० | | निरन्तर | शुल्क नलाग्ने | युवा तथा खेलकुद हाशाखा | महाशाख प्रमुख | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखारजिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

| क्र स | सेवा | महाशाखा | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | शैक्षिक परामर्श,भाषा प्रशिक्षण र पूर्व तयारी सेवा अनुमति | उच्च शिक्षा | चन्दन मण्डल प्रास<br>सुजाता राई अधिकृत सातौं<br>खुविराम अधिकारी उपसचिव |
| २ | उच्च शिक्षा र विश्विवद्यालयसँग सम्बद्ध सेवा | उच्च शिक्षा | मुक्ति निरौला<br>सुजाता राई<br>गोपालप्रसाद कडेंल |
| ३ | विज्ञान प्रविधिसँग सम्बद्ध कार्यक्रम | उच्च तथा विज्ञान प्रविधि | सुजाता राई<br>गोपालप्रसाद कडेंल |
| ४ | महिला बालबालिका अपाङ्गता र अल्पसङ्ख्यकसँग सम्बद्ध कार्यक्रम | सामाजिक विकास | कला क्षेत्री<br>चन्द्रा कुमारी व्यजनकार<br>लक्ष्मण पुडासैनी<br>अमृत अधिकारी |
| ५ | विद्यालय शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बद्ध कार्यक्रम | योजना तथा शिक्षा विकास | उपेन्द्र राई<br>चन्द्र बहादुर श्रेष्ठ<br>खुविराम अधिकारी |
| ६ | वार्षिक कार्यक्रमसँग सम्बद्ध | योजना तथा शिक्षा विकास | उपेन्द्र राई<br>चन्द्र बहादुर श्रेष्ठ<br>खुविराम अधिकारी |
| ७ | युवा तथा खेलकुदसँग सम्बद्ध कार्यक्रम | युवा तथा खेलकुद | उपेन्द्र राई<br>चन्द्र बहादुर श्रेष्ठ<br>खुविराम अधिकारी |
| ८ | गरिवि निवारणसँग सम्बद्ध कार्यक्रम | युवा तथा खेलकुद र गरिबी | लक्ष्मण न्यौपाने<br>गोपालप्रसाद कडेंल |
| ९ | प्रशासनसँग सम्बन्धित | प्रशासन | पद्मा ढुङ्गेल<br>अमृत अधिकारी |

| | | | |
|---|---|---|---|
| १० | कानूनी तथा फैसला कार्यान्वयन सँग सम्बन्धित | कानूनी तथा फैसला कार्यान्वयन | संगिता बडाल |
| ११ | आर्थिक प्रशासन सँग सम्बन्धित | आर्थिक प्रशासन | संजित बुढाथोकी<br>इन्द्र प्रसाद अधिकारी |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- शैक्षिक परामर्श,भाषा शिक्षण र पूर्व तयारी कक्षा सञ्चालनका लागि दस्तुर रु ५०००/(थप दस्तुर शैक्षिक परामर्श सेवा सञ्चालन सम्वन्धी कार्यविधि २०७९ बमोजिम हुने)।

**७.निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी**

- सम्वन्धित शाखाबाट टिप्पणी उठाइ कार्यालय प्रमुखबाट स्वीकृत गर्ने

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

प्रदेश सचिव

**९.सम्पादन गरेको कामको विवरण(साउन देखि पौससम्म)**

- आर्थिक वर्ष २०७९।८० को वार्षिक समिक्षा सम्पन्न
- आर्थिक वर्ष २०८०।०८१ को मन्त्रालय र मातहतका निकायको वार्षिक कार्यक्रमको मार्गदर्शन विकास
- कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यविधि तर्जुमा (१५ ओटा)
- शिक्षा नीतिको मस्यौदा तर्जुमा भइ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको
- औद्योगिक प्रशिक्षार्थी तालिमसञ्चालनका लागि भर्ना
- सीप परिक्षण मूल्याङ्कन कर्ताहरुको लागि पुर्नताजगी तालिम सञ्चालन गर्न सूचना प्रकाशन
- आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन विकास तथा प्रकाशन
- बालबालिका, जेष्ठ नागरिक र मानव बेचविखन तथा ओसार पसार विरुद्धको नीति आर्थिक र कानुन मन्त्रालयमा पठाइएको
- ENSUURE परियोजनाको आर्थिक वर्ष २०७९।०८० को समिक्षा कार्यक्रम सञ्चालन
- प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालय/शिक्षालयहरुको स्तर निर्धारणका लागि अभिमुखीकरण सञ्चालन
- शिक्षा दिवसको राष्ट्रिय पुरस्कारको सिफारिस गर्ने

- आ व २०८०।०८१ को स्थानीय तहको वित्तिय हस्तान्तरण अन्तर्गत कार्यक्रमको मार्गदर्शन तर्जुमा।
- चालु आर्थिक वर्षको पहिलो त्रैमासिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक संचालन
- प्रदेश विश्व विद्यालय मकवानपुरको हेटौडामा स्थापना गर्ने निर्णय
- विश्वविद्यालय,मानित विश्वविद्यालय र प्रतिष्ठान सञ्चालनका लागि प्राप्त आवेदन दिने संस्थाहरुको जाँचबुझ गरी प्रतिवेदन पेश (प्रतिष्ठान स्थापनाका लागि सिफारिस)
- आर्थिक वर्ष २०७५ देखि आवेदन दिएका कन्सल्टेन्सीहरुको व्यवस्थापन र ३४ ओटालाई सेवा सञ्चालनका लागि अनुमती र २५ ओटाको नविकरण
- कार्यक्रम संशोधन तथा रकमान्तर
- बहुवर्षिय आयोजना र स्रोत सुनिश्चितको लागि आवश्यक कार्य
- वर्तमान सरकारको एक वर्षे र तीन वर्षको उपलब्धि लगायतका विवरण
- २० जना सीप परिक्षण मूल्याङ्कन कर्ताहरुको लागि पुर्नताजगी तालिम सञ्चालन
- चितवन र ललितपुरमा निजी क्षेत्रलाई TEVT सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन
- RPL को माध्यमबाट सिप परिक्षणका लागि प्रदेश CTEVT कार्यालयसँग संझौता र सीप परीक्षणको लागि सूचना प्रकाशन
- TEVT डायरी प्रकाशन
- २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन गर्ने १३ संस्थाको अनुगमन
- एप्रेन्टिसीप तालिमको रकम निकाशा
- विद्यालयशिक्षालयहरुमा रोजगार सेवा इक/ाइ गठन गर्न १० ओटा संस्थाको अभिमुखीकरण सञ्चालन
- महिला उद्यमी टेवा पूंजी प्रविधि हस्तान्तरणको लागि उद्यमीहरु छनोट तथा संझौता

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुख र सूचना अधिकारी | नाम | पद |
|---|---|---|
| कार्यालय प्रमुख | डा. भीष्मकुमार भूसाल | प्रदेश सचिव |
| सूचना अधिकारी | चन्द्र बहादुर श्रेष्ठ | अधिकृतस्तर सातौं |

## ११. ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

क) ऐन

- प्रदेश खेलकूद विकास ऐन, २०७५
- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना र सञ्चालन गर्ने ऐन, २०७५
- प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६
- प्रदेश युवा परिषद् ऐन, २०७६
- प्रदेश उच्च शिक्षा ऐन, २०७८

ख) नियम/नियमावली

- प्रदेश खेलकुद विकास नियमावली, २०७६
- प्रदेश युवा परिषद् नियमावली, २०७७
- प्रदेश उच्च शिक्षा नियमावली, २०७८
- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद् नियमावली, २०८०

ग) नीति

- प्रदेश विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति, २०७८
- बालबालिका सम्बन्धी नीति २०८०
- मानव बेचविखन तथा ओसारपसार विरुद्धको संरक्षण नीति २०८०
- ज्येष्ठ नागरिक सम्बन्धी नीति २०८०

घ) निर्देशिका

- स्थानीय तहका महिला,सहकारी/सङ्घसंस्थाका पदाधिकारीहरूको क्षमता लागि महिला विकास प्रशिक्षण विषयक तालिम सञ्चालन सम्बन्धी अभिवृद्धिको निर्देशिका, २०७५
- स्थानीय तहका महिला जनप्रतिनिधि र कर्मचारीको नेतृत्व क्षमता अभिवृद्धिको लागि महिला नेतृत्व विकास प्रशिक्षण विषयक तालिम सञ्चालन सम्बन्धी निर्देशिका, २०७५

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरूलाई दिइने अनुदानलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७६
- पाठ्यक्रम तथा पाठ्यासामग्री विकास निर्देशिका, २०७७
- शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७९
- शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०

ङ) कार्यविधि

- युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५
- आयोजना कार्यान्वयन कार्यविधि, २०७५
- प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५
- अपाङ्गता सूचना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि,२०७५
- आवासीय विद्यालय सञ्चालन कार्यविधि,२०७६
- विद्यालय बस सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
- महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरूलाई दिइने अनुदान व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७५
- छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति अनुदान निर्देशिका, २०७६
- खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा सङ्घसंस्था सहयोग तथा अनुदान कार्यविधि,२०७६
- एक विद्यालय/शिक्षालय एक उद्यम सम्बन्धी कार्यविधि, २०७७
- स्थानीय तहसँगको सहकार्यमा बालविकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०७८
- स्थानीय तहसँगको साझेदारीमा सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय एकीकृत सूचना केन्द्रको रूपमा विकास गर्ने सम्बन्धी कार्यविधि, २०७८
- स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकालय सुदृढीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८
- सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७८
- सामुदायिक क्याम्पसको भौतिक सबलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८
- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७८

- विपन्न दलित सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८०
- चिउरी,चमेरो र चेपाङ् संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०
- सिक्दै कमाउँदै,कमाउँदै सिक्दै सम्बन्धी कार्यविधि २०८०
- सामुदायिक क्याम्पस गुणस्तर सुदृढीकरण सम्बन्धी कार्यविधि २०८०
- अनिवार्य तथा निशुल्क सम्बन्धी कार्यविधि २०८०
- विद्यार्थी केन्द्रीत व्यवस्थापनमा सुधार कार्यविधि २०८०
- शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम  कार्यविधि  २०८०
- शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम  कार्यविधि  २०८०
- अन्तर प्रदेश खेलकुद प्रतियोगिता सम्बवन्धी कार्यविधि २०८०
- खेलकुद स्वयसेवक सम्बवन्धी कार्यविधि २०८०
- खेलकुद स्वयसेवक सम्बवन्धी कार्यविधि २०८०
- खेलकुद अनुदान सम्वन्धी कार्यविधि २०८०
- जिल्ला खेलकुद सम्वन्धी कार्यविधि २०८०
- अन्तरप्रदेश खेलकुद प्रतियोगिता सम्बन्धी कार्यविधि २०८०
- साविकको शैक्षिक तालिम केन्द्रको प्रशिक्षक सम्वन्धी कार्यविधि २०८०

## १२. खर्च सम्बन्धी अध्यावधिक विवरण(आर्थिक वर्ष २०८०।८१ को साउन देखि पौससम्मको लक्ष्यको तुलनामा प्रगति)

| क.स. | कार्यालय | वार्षिक बजेट हजारमा | | | अर्धवार्षिक बजेट रु हजारमा | | | अर्धवार्षिकसम्म खर्च रु हजारमा | | | अर्धवार्षिक खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | वित्तीय | भौतिक |
| १ | प्रदेश सरकारतर्फ | ११९२९७७. | ८४३४४०. | २७५६४१७. | १०७६४१८. | ४५१४३३. | १५२७८५१. | २५३१३७.४१ | ६१८४८.६ | ३१४९८६. | २३.५२ | २७.३७ | २०.६२ | |
| २ | नेपाल सरकारतर्फ | १११६९००. | १३२९००. | १२४९८००. | ५९०१४४. | ८३३४२. | ६७३४८६. | ३०३४३०.०८ | २३७८७.३७ | ३२७२१७.४५ | ५१.४२ | २८.५४ | ४८.५९ | |
| | जम्मा | ३०२९८७७. | ९७६३४०. | ४००६२१७. | १६६६५६२. | ५३४७७५. | २२०१३३७. | ५५६५६७.४९ | ८५६३५.९७ | ६४२२०३.४५ | ३३.४० | १६.०१ | २९.१७ | |

## १३. अघिल्लो आर्थिक वर्षमा मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरु

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को बागमती प्रदेश स्थित आङ्गिक शिक्षालय र निजी स्तरमा छोटो अवधिको सिपमूलक तालिम संचालन गर्ने संस्थासँग

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

सम्झौता गरी १३ वटै जिल्लामा गरी विभिन्न पेशा र व्यवसायको ३२८० जनालाई सिप तालिम दिई सिप परीक्षण सम्पन्न भएको,

- २२१ जना औद्योगिक प्रशिक्षण (एप्रेन्टीसिप तालिम) मा सहभागी भएका,
- निजी क्षेत्रका उद्योगीहरूलाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, सिप परीक्षण र डाटाबेसका सम्बन्धमा अभिमुखीकरण गरिएको,
- ८१ स्थानीय तहका सामाजिक विकास समितिका संयोजक, शिक्षा प्रमुख र रोजगार संयोजकहरूलाई राष्ट्रिय व्यवासायिक योग्यता प्रणाली र सिप परीक्षणका सम्बन्धमा अभिमुखीकरण गरिएको,
- ८० जनालाई सिप मूल्याङ्कनकर्ता र ५८ जनालाई सिप मूल्याङ्कनकर्ताको लागि पुनर्ताजगी तालिम सञ्चालन गरिएको,
- भर्चुअल कक्षा सञ्चालनका लागि सामग्री विकास तथा प्रशोधन र कक्षा सञ्चालन गर्ने Digital Learning Centerका लागि रेकर्डिङ स्टुडियो र अडिटिङ स्टुडियो निर्माण भएको,
- बहुप्राविधिक शिक्षालयहरूको भौतिक पूर्वाधार विकास गरिएको,
- प्रदेशभित्र ५ स्थानमावृत्तिमार्ग निर्देशन तथा रोजगार मेला सञ्चालन गरिएको,
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यक्रम अन्तर्गत ११ वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन भएकोमा ५ वटा स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भएको ।

**विज्ञान तथा प्रविधि**

- बागमती प्रदेश मन्त्रीपरिषदबाट मिति २०७५/११/११ गते "युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५" स्वीकृत भई सो बमोजिम प्रदेशभित्र कृषि, उद्योग, पर्यटन, जलवायुतथा वातावरण, जैविक विविधता, जनस्वास्थ्य, जीव-प्रविधि, सूचना प्रविधि, इन्जिनियरिङ, यातायात, नवीकरणीय उर्जा, विद्युत-संग्रह जस्ता क्षेत्रमा उत्पादन उत्पादकत्व वृद्धि गर्न वा मानवीय जीवन-पद्धतिलाई सरल तथा सहज बनाउन नयाँ ज्ञान तथा प्रविधि अनुसन्धान, विकास र व्यावसायिक उपयोग गर्ने प्रतिभाशाली नवप्रवर्तक वानवप्रवर्तक कम्पनीलाई आर्थिक सहयोग तथा वस्तुगत अनुदान उपलब्ध गराउने प्रमुख उद्देश्य सहित**युवा वैज्ञानिक प्रोत्साहन कोष**को स्थापना भईसञ्चालनमा रहेकोछ।

- युवा वैज्ञानिकप्रोत्साहनकोषबाट हालसम्म तपसिलका पाँचवटा अनुसन्धान प्रस्ताव/आयोजनाहरू छनौट भई अनुसन्धानको लागि आर्थिक सहायता प्राप्त गरी अनुसन्धान कार्य भइरहेका छन्:-

**तालिका नं. ३ :आयोजनाहरूको विवरण**

| क्र.स. | छनोट भई सञ्चालनमा रहेका आयोजना/अनुसन्धान प्रस्ताव | स्वीकृत बजेट (रू) | हालको अवस्था |
|---|---|---|---|
| १ | Innovation and technology development for artificial cultivation of wild high value mushroom *Laetiporussulphureus* | ३४,९४,३०१ | अनुसन्धान भइरहेको |
| २ | Project on Electric Conversion of a diesel-powered Mahendra Bolero into a Wildlife Safari Vehicle for use in Chitwan National Park | १९,८९,७४५ | सम्पन्न |
| ३ | Development of Phytochemical and Gene Bank Database of Herbal Plants in Bagamati Province, and Screening of Immune Booster Compounds by Docking and Molecular Dynamics Simulation | ६९,६७,५६९ | अनुसन्धान भइरहेको |
| ४ | Screening and Development of denitrifying bacteria to foster the modern/intensive fish farming in the tropics | ७०,५४,८०५ | अनुसन्धान भइरहेको |
| ५ | The retentive strength of Poly-methyl methacrylate (PMMA) bone cement in relation to the dental plates cemented on an animal with more than 1250 Hounsfield unit (HU=Di): A Prototype Development | १५,२२,११० | सम्पन्नन |
| | **जम्मा बजेट** | २,१०,२८,५३० | |

स्रोतः युवा वैज्ञानिक प्रोत्साहन कोषको अभिलेख

**सामाजिक विकास महाशाखा**

- मानव बेचबिखन ओसारपसार सम्बन्धी नीतिको मस्यौदा, २०८० तर्जुमा,
- बालविवाह विरूद्धको सन्देशमूलक सूचना सामग्री प्रदेशभित्रका रेडियो तथा टेलिभिजन मार्फत प्रसारण,
- लैङ्गिक हिंसा प्रभावित महिलाहरूको उद्धार तथा संरक्षणका लागि आवास गृह (सेफ हाउस) सञ्चालन,
- आर्थिक वर्ष २०७६/०७७ मा गरिब, विपन्न, दलित सीमान्तकृत समुदायका महिला सदस्यहरूलाई आर्थिक सशक्तीकरणको लागि सिप विकास तालिम ६ पटक १५० जना (अर्गानिक तरकारी खेती ७५ जना, बाख्रा पालन ५० जना र क्रिष्टल चुरा पोते तालिम २५ जना) व्यवसाय शुरू गर्न प्रति व्यक्ति रू ३०००/- दरले बिउपुँजी पनि सहयोग गरेको,

- लैङ्गिक हिंसा/घरेलु हिंसाबाट प्रभावित पीडितहरूको लागि अल्पकालिन आश्रय सहित सेवा केन्द्रको भवन निर्माणको लागि पुँजीगत सहयोग अन्तर्गत श्री राजदेवी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित जिल्ला सेवा केन्द्र हेटौंडा,मकवानपुर,श्री सहयात्री समाज नेपालद्वारा सञ्चालित जिल्ला सेवा केन्द्र, धादिङ, निलकण्ठ नगरपालिका,श्री आवाज नेपालद्वारा सञ्चालित जिल्ला सेवा केन्द्र, दोलखा,श्री महिला कल्याण समाज, रामेछाप, मन्थली र श्री शक्ति समूह, सिन्धुपाल्चोकद्वारा सञ्चालित पुनर्स्थापना गृहको भवन निर्माण सम्पन्न,
- स्थानीय तहका महिला, बालबालिका शाखाका प्रमुख/कर्मचारीलाई प्रत्येक आर्थिक वर्ष सामाजिक विकाससम्बन्धी कार्यक्रमहरूको अभिमुखीकरण ।

**१४. मन्त्रालयको बेबसाइटः http:**//mosd.bagamati.gov.np

**१५. मन्त्रालयले सञ्चालन गरेका कार्यक्रमहरु र प्रतिवेदन**

आर्थिक वर्ष२०७९।०८० को वार्षिक स्थिति प्रतिवेदन प्रकाशन गरिएको ।